# सुनाखरी संकलन तथा खेती विकास (कार्यविधि) निर्देशिका, २०६९

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय

नेपाल सरकार (माननीय मन्त्रीस्तर) बाट स्वीकृत मिति २०६९।११।२४

# सुनाखरी संकलन तथा खेती विकास (कार्यविधि) निर्देशिका, २०६९

**प्रस्तावना**

नेपालको वन क्षेत्रभित्र पाइने सुनाखरी (Orchidaceae) परिवारका बनस्पतिको उचित संरक्षण, व्यवस्थापन, खेती विकास र प्रशोधन गरी आय वृद्धी तथा रोजगारी प्रवर्धन गर्न सुनाखरीको संकलन, ओसार-पसार तथा निकासीलाई सरल, सहज, व्यवस्थित, पारदर्शी तथा उत्तरदायी बनाउदै लैजाने उद्देश्यले वन नियमावली, २०५१ को नियम ६७ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयले यो कार्यविधि निर्देशिका बनाई जारी गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "सुनाखरी संकलन तथा खेति विकास (कार्यविधि) निर्देशिका, २०६९" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन" भन्नाले वन ऐन, २०४९ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले वन नियमावली, २०५१ सम्झनुपर्छ ।

(ग) "अधिकार प्राप्त अधिकारी" भन्नाले जिल्ला वन अधिकृतलाई सम्झनुपर्छ र सो शब्दले जिल्ला वन अधिकृत नियुक्त नभएको अवस्थामा नेपाल सरकारले तोकेको अधिकृत समेतलाई जनाउँदछ ।

(घ) "सुनाखरी" भन्नाले वन नियमावली, २०५१ को अनुसूची– ३ को खण्ड (च) को नं. ७ बमोजिमको वन पैदावारलाई सम्झनुपर्छ । साथै सो शब्दले वन जंगल भित्र रुखका हाँगा वा बोक्रामा हुर्कने इपिफाइट (Epiphyte), चट्टान वा माटोमा हुर्कने टेरेष्ट्रीयल (Terrestrial) र वनस्पति वा जन्तु कुहिएको स्थानमा हुर्कने साप्रोफाइट (Saprophyte) अन्तर्गत पर्ने सुनाखरी, गामडोल (*Brachycorythis obcordata*), जीवन्ती (*Ephemerantha macraei*), *Acampe* spp., *Coelogyne* spp., *Dendrobium* spp. र *Otochilus* spp. लगायतका सुनाखरी (Orchidaceae) परिवारका अनुसूची- ९ मा उल्लेख भएका सम्पूर्ण वनस्पति प्रजातिलाई जनाउँछ ।

(ङ) "क्षेत्र" भन्नाले सुनाखरी संकलन गर्ने उद्देश्यले जिल्ला वन कार्यालयले चार किल्ला तोकी छुट्याएको वन क्षेत्रलाई सम्झनुपर्छ ।

(च) "वन खण्ड" भन्नाले क्षेत्र अन्तर्गत जिल्ला वन कार्यालयले परिमाण तोकी सुनाखरी संकलन गर्ने उद्देश्यले स्पष्टसँग चार किल्ला तोकी छुट्याएको वन क्षेत्र अन्तर्गतको वन खण्ड लाई सम्झनुपर्छ ।

(छ) "उद्योग" भन्नाले प्रचलित नेपाल कानून बमोजिम दर्ता भई सुनाखरी संकलन गर्न, प्रशोधन गर्न वा खेती गर्न इजाजत पाएको उद्योगलाई सम्झनुपर्दछ ।

(ज) "प्रशोधन" भन्नाले सुनाखरी सुकाएर लच्छा बनाइएको वा धूलो बनाई मूल्य अभिवृद्धि गर्ने वा स्वरुप परिवर्तन गरी उपयोगी वस्तु वा पदार्थ उत्पादन गर्ने कार्य समेतलाई जनाउँदछ ।

(झ) "निकाय" भन्नाले वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतका निकायलाई सम्झनुपर्छ र सो शब्दले यस निर्देशिका बमोजिम तोकिएको वन क्षेत्रमा सुनाखरी संकलन गर्न इजाजत प्राप्त गरेका इजाजतपत्रवालालाई समेत जनाउँदछ ।

(ञ) "कामदार" भन्नाले सुनाखरी संकलन गर्ने निकायबाट सुनाखरी संकलन एवं ढुवानी गर्न, वन जंगल लगायत डिपो तथा घाटगद्दीमा रहेको सुनाखरी संरक्षण गर्न खटाइएका व्यक्तिलाई जनाउँदछ ।

(ट) "सुपरभाइजर" भन्नाले कामदार को कामको निरीक्षण गर्न सुनाखरी संकलन गर्ने निकायबाट खटाइएको स्वरुप परिवर्तन गरी उपयोगी वस्तु वा पदार्थ उत्पादन गर्ने व्यक्ति वा कर्मचारीलाई सम्झनुपर्छ ।

(ठ) "घाटगद्दी" भन्नाले संकलन भएको सुनाखरीलाई बिक्री वितरण, ओसार पसार वा अन्य तवरले हक हस्तान्तरण नभएसम्म सुरक्षित राख्न जिल्ला वन कार्यालयले तोकेको ठाउँलाई सम्झनुपर्छ ।

(ड) "अनुगमन" भन्नाले सुनाखरी संकलन गर्ने क्षेत्रमा सुनाखरी संकलन भई रहेको समयमा वा संकलन कार्य सम्पन्न भए पश्चात् तत् सम्बन्धी भए गरेका कार्यहरुलाई स्वीकृत योजना बमोजिम ठीक तरीकाले काम भए नभएको विषयमा स्थलगत भ्रमण गरी अध्ययन तथा निरीक्षण गर्ने र सो को प्रतिवेदन पेश गर्ने कार्यलाई सम्झनुपर्छ ।

(ढ) "वार्षिक अनुगमन" भन्नाले सुनाखरी संकलन गर्ने काम गर्न अनुमति पाएको वनमा सुनाखरी संकलन तथा घाटगद्दी र छोडपूर्जी आदि सम्पूर्ण कार्य सम्पन्न भएपछि उद्योगले तोकेको प्रतिनिधिको उपस्थितिमा सम्बन्धित जिल्ला वन अधिकृत वा निजले खटाएको कर्मचारीले सुनाखरी संकलन गर्ने अनुमतिको म्याद समाप्त भएपछि हरेक वर्ष गर्ने स्थलगत अनुगमनलाई सम्झनुपर्छ ।

(ण) "सर्वेक्षण एवं अनुसन्धान गर्ने निकाय" भन्नाले वन विभाग, वनस्पति विभाग वा वन अनुसन्धान तथा सर्भेक्षण विभागलाई सम्झनुपर्छ र सो शब्दले जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनी र तत् सम्बन्धी विषयमा अध्ययन, अनुसन्धान गर्न नेपाल सरकारबाट मान्यता पाएको स्वदेशी संघ, संस्था तथा इजाजत प्राप्त गर्ने व्यक्ति समेतलाई सम्झनुपर्छ ।

## परिच्छेद -२

## स्रोत सर्वेक्षण तथा वन क्षेत्र छनौट सम्वन्धी व्यवस्था

३. **स्रोत सर्वेक्षण सम्वन्धी आधारभुत तथ्याङ्क संकलन गर्नुपर्ने:** (१) सुनाखरीलाई लोप हुनबाट बचाउन, सुनाखरी संकलन एवं निकासी गर्न दिने आधिकारिक निकाय जिल्ला वन कार्यालयले आवश्यकता अनुसार वनस्पति विज्ञको संलग्नतामा सुनाखरीको विस्तृत स्रोत सर्वेक्षण गरी जिल्लाको पाँच वर्षे कार्य योजनामा समावेश गर्नुपर्नेछ ।

(२) स्थलगत रुपमा गई नाप लिइएका नमूना प्लटहरुको पुनः निरीक्षण, सर्वेक्षण गर्न आवश्यक पर्ने भएकाले त्यस्ता प्लटहरु सकभर फिल्डमा स्पष्ट देखिने गरी तथा रेकर्डमा आधिकारिक र भरपर्दो हुने गरी सुरक्षित राख्नु पर्नेछ ।

४. **तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयार गर्नुपर्ने:** (१) स्रोत सर्वेक्षणको आधारमा विभिन्न किसिमका सुनाखरीको प्रजातिको अवस्था, तिनको उपलब्धताको साथै दिगोरुपमा संकलन गर्न सकिने औषत परिमाण यकिन गरी सो को आधारमा सुनाखरी पाइने वनलाई वर्गीकरण गर्नु पर्नेछ र यी क्षेत्रको नक्सा सहित चार किल्ला स्पष्टसँग यकिन गर्नु पर्नेछ । सो विवरणमा वन क्षेत्रहरुको नामाकरण समेत स्पष्टसँग उल्लेख भएको हुनु पर्नेछ ।

(२) स्रोत सर्वेक्षणको तथ्याङ्कको आधारमा हरेक वन खण्डको छुट्टा-छुट्टै हिसाब गरी जिल्ला भरमा दिगोरुपमा उपलब्ध हुनसक्ने सुनाखरीको वार्षिक परिमाण स्पष्टसँग खुल्ने गरी स्रोत सर्वेक्षण प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम तयार भएको प्रतिवेदन उपर वन विभागले प्राविधिक टोली गठन गरी वा वनस्पति विभागबाट सो प्रतिवेदनको प्राविधिक रुपले गुणस्तर परीक्षण गराई उपयुक्त देखिएमा सो को सिफारिशमा वन विभागले प्रतिवेदन स्वीकृत गर्न सक्नेछ ।

५. **क्षेत्र छनौट तथा वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्नुपर्नेः** (१) दफा ४ बमोजिमको प्रकृया पूरा भै सकेपछि सुनाखरी दिगो रुपमा संकलन गर्न सकिने परिमाणलाई समेत मध्यनजर राखी सुनाखरी संकलन गर्ने क्षेत्र निर्धारण गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको क्षेत्रलाई वन कार्ययोजनामा समावेश गर्नुपर्नेछ ।

(३) वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ बमोजिमको प्रक्रिया पूरा गरी वातावरणीय अध्ययन प्रतिवेदन तयार गरी सम्बन्धित निकायबाट स्वीकृत भएपछि स्वीकृत वन कार्ययोजनाको अधिनमा रही परिच्छेद -३ बमोजिमको विधि अनुसार सुनाखरी संकलन गर्नु पर्नेछ ।

## परिच्छेद -३
## सुनाखरी संकलनको लागि खण्ड विभाजन

६. **सुनाखरी संकलनको लागि वन खण्ड विभाजन गर्नेः** (१) सुनाखरी संकलन गरिने वन क्षेत्रलाई दिगोरुपमा संकलन गर्न सकिने सुनाखरीको परिमाण हेरी सकेसम्म प्राकृतिक सिमानाको आधारमा खण्ड विभाजन गर्नुपर्नेछ । सुनाखरीको प्राकृतिक पुनरुत्पादन समेतलाई विचार गरी वन क्षेत्रलाई विभिन्न खण्डमा विभाजन गरी ती खण्डमा पाँच वर्षको चक्रीय प्रणाली अनुसार मात्र सुनाखरी संकलन गर्नु पर्नेछ ।

(२) सुनाखरी संकलन गर्ने क्षेत्र छनौट गर्ने कार्य गरिसकेपछि सो क्षेत्रमा भएको सुनाखरी पाइने रुखको संख्या, चट्टान वा जमीनको वास्तविक सतह, क्षेत्रफल हिसाव गरी उपलब्ध हुन सक्ने सुनाखरिको प्रजाती पिच्छेको परिमाण यकिन गर्नु पर्नेछ ।

(३) सुनाखरी पाइने क्षेत्रको पहिचान एवं क्षेत्र छनौट र वन खण्ड निर्माण कार्य सम्पन्न भई सकेपछि सो को स्पष्ट विवरण जिल्ला वन कार्यालयले अनुसूची– १ बमोजिमको रजिष्टर खडा गरी अभिलेख राख्नु पर्नेछ ।

(४) लगत बनाइएको रजिष्टरको एक/एक प्रति सम्बन्धित सुनाखरी संकलन गर्ने निकाय, रेञ्जपोष्ट र इलाका वन कार्यालयले राख्नु पर्दछ । एक प्रति रजिष्टर जिल्ला वन कार्यालयमा अनिवार्य राख्नु पर्दछ जुन रजिष्टरलाई अनुगमनको लागि प्रयोग गर्न सकिन्छ । यदि सुनाखरी संकलन गर्ने कार्य सामुदायिक वन वा संरक्षित वन क्षेत्रबाट गरिने हो भने सम्बन्धित समूहलाई समेत लगत बनाइएको रजिष्टरको एक प्रति उपलब्ध गराउनु पर्नेछ ।

७. **सुनाखरी संकलन गर्ने तरीकाः** (१) स्रोत सर्वेक्षणको आधारमा सुनाखरीको कुन प्रजाति कहाँ कति उपलब्ध छ, यकीन गरी निश्चित क्षेत्र तोकी नियमानुसार संकलन इजाजत दिने र संकलन कार्य तोकिएको क्षेत्रमा मात्र गरिनु पर्नेछ ।

(२) सुनाखरीको संकलन अनुमति दिनु अगावै यसको संरक्षण, सम्बर्द्धन र व्यवस्थापन सम्बन्धी शर्तहरु तोकी उक्त शर्तहरु पालना गर्ने व्यक्ति, उद्योग या निकायलाई मात्रै अनुमति दिनुपर्ने छ ।

(३) सुनाखरी संकलन इजाजत दिनुपूर्व सम्बन्धित जिल्ला वन कार्यालयले सुनाखरी संकलन गर्ने स्वीकृत स्रोत सर्वेक्षण प्रतिवेदन अनुसार वन क्षेत्र तथा वन खण्डको स्पष्टसँग चार किल्ला यकिन गर्नुपर्ने छ। सुनाखरी संकलन गर्दा जिल्ला वन कार्यालयले तोकेको वन प्राविधिकको रेखदेख/रोहबरमा तोकिएको वन क्षेत्र वा वन खण्डबाट मात्र गराउनुपर्ने छ।

(४) संकलन अनुमति प्राप्त गर्ने उद्योग वा निकायले संकलकहरुलाई सुनाखरीको हाँगा काट्दा धारिलो हतियार वा सिकेचर प्रयोग गर्नु पर्नेछ। सुनाखरी संकलन गर्दा यस्ता उपकरण प्रयोग भए नभएको कुरा सम्बन्धित जिल्ला वन कार्यालयले अनुगमन गर्नु पर्नेछ।

(५) रुखमा पाइने सुनाखरी संकलन गर्दा रुखलाई प्रतिकूल असर पर्ने गरी रुखको बोक्रा ताछ्न, रुखका हाँगा काट्न र रुख ढाल्न पाइने छैन।

(६) चट्टान वा जमिनमा पाइने सुनाखरी संकलन गर्दा भू-क्षय हुने गरी गर्न पाइने छैन।

(७) सुनाखरीको प्राकृतिक स्थानबाट उपलब्ध स्रोतको १०% सम्म संकलन योग्य भाग मात्र संकलन गर्नु पर्नेछ। संकलन गर्दा उमेर पुगिसकेको सुनाखरीको केही प्रजनन् भाग (२०% नयाँ र स-साना विरुवाहरु) तिनकै वासस्थानमा रहने गरी छोडेर संकलन गर्नुपर्ने छ।

(८) सुनाखरी संकलन गर्दा उखेल्नु हुदैन र भुँई वा वोटको फेदको सतहभन्दा ५ से.मी.माथिबाट हरेक गाँजमा कम्तिमा २ हाँगा छाडी संकलन गर्नु पर्नेछ।

(९) सुनाखरी संकलन गर्दा फूल फूल्ने समय र बृद्धि हुने समयमा संकलन गर्नु गराउनु हुँदैन। प्राकृतिक रुपमा पाइने सुनाखरी संकलन गर्दा माघ देखि फागुनसम्म दुई महिनाको समयमा मात्रै संकलन गर्नु गराउनु पर्नेछ।

(१०) माघ र फागुन दुई महिनाको समय भन्दा अगाडि र पछाडिको समयमा संकलन गरे गराएमा संकलन गर्ने गराउने व्यक्ति वा निकायलाई कालो सूचीमा राखी अनुमतिपत्र रद्द गरी प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(११) एउटा वन क्षेत्रबाट एक पटक सुनाखरी संकलन गरेको कम्तीमा पाँच वर्ष पछि मात्र उपलब्धताको अवस्था हेरी अर्को पटक संकलन गर्न सकिने छ।

८. **घाटगद्दी स्थान तोक्नुपर्नेः** (१) संकलित सुनाखरीको घाटगद्दी स्थान सम्बन्धित जिल्ला वन कार्यालयले तोक्नु पर्नेछ।

(२) घाटगद्दी स्थान तोक्दा सम्बन्धित जिल्ला वन कार्यालयले आफ्नो कार्यक्षेत्र भित्र पर्ने सबै वन खण्डहरूलाई पायक पर्ने गरी र प्रत्येक खण्डको नियमित निरीक्षण हुनसक्ने कुरालाई समेत विचार गरी स्थान छनौट गर्नु पर्नेछ।

९. **सुनाखरीको ढुवानी व्यवस्थाः**(१) प्रत्येक वन खण्डबाट संकलन गरिएको सुनाखरीलाई बोरामा राखी तोकिएको पायक पर्ने घाटगद्दी स्थानमा ढुवानी गरी सुरक्षित साथ पुर्‍याउने व्यवस्था सम्बन्धित सुनाखरी संकलन गर्ने उद्योग आफैंले मिलाउनु पर्नेछ।

(२) घाटगद्दी स्थानबाट सुनाखरी प्रशोधन स्थल वा उद्योग वा कारखाना स्थलसम्म लैजानको लागि नियमानुसार लाग्ने राजश्व दस्तुर बुझाई जिल्ला वन कार्यालयबाट अनुसूची– २ बमोजिमको चलानी पूर्जी र अनुसूची– ३ अनुसारको ढाँचामा छोडपूर्जी लिनु पर्नेछ।

(३) जिल्ला वन कार्यालयले दिएको छोडपूर्जी र चलानी पूर्जीको आधारमा ईलाका, रेन्जपोस्ट वा वन चौकीहरुले सुनाखरीको चेकजाँच गर्नु पर्नेछ। चलानी पत्र अनुसार सुनाखरीको परिमाण तथा अन्य कुराहरु दुरुस्त भएमा सक्कल चलानी पूर्जीको पछाडि दरपिट गरी छोडी दिनु पर्नेछ।

(४) संकलित सुनाखरी सोही आर्थिक वर्षको फागुनसम्ममा घाटगद्दी स्थानबाट नियमानुसारको प्रकृया पूरा गरी सुनाखरी प्रशोधन गर्ने उद्योग वा कारखाना स्थलसम्म ढुवानी गरीसक्नु पर्नेछ।

## परिच्छेद -४
## तालिम तथा सुरक्षासम्बन्धी व्यवस्था

१०. **कर्मचारी तथा कामदारलाई तालिम दिनुपर्नेः** (१) सुनाखरी संकलन गर्ने क्षेत्र छनौट, सुनाखरी संकलन, ढुवानी र घाटगद्दी, नियन्त्रित आगो लगाउने, सरसफाई सुरक्षा लगायतका कार्यमा सकेसम्म स्थानीय समुदाय वा व्यक्तिहरुलाई संलग्न गर्न प्राथमिकता दिनुपर्ने छ । यसरी संलग्न हुने सम्पूर्ण कामदार र सुपरभाइजरहरुलाई यस सम्बन्धी कार्य शुरु गर्नु अगावै आवश्यक एवं व्यवहारिक ज्ञान दिन सम्बन्धित निकायले तालिमको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) सुनाखरी संकलन गर्ने निकायले वन संरक्षणमा स्थानीय जनताको चेतना अभिवृद्धि गर्न आवश्यकता अनुसार चेतनामूलक कार्यक्रम समेत सञ्चालन गर्नु पर्नेछ ।

(३) सुनाखरी संकलन सम्बन्धी सम्पूर्ण कामकारबाहीमा तालिम प्राप्त अनुभवी व्यक्तिहरुलाई काममा लगाउनु पर्नेछ ।

(४) कामदारहरुको लागि तालिम सम्बन्धित उद्योग वा सुनाखरी संकलन गर्ने निकायले संचालन गर्नुपर्ने छ । यसका साथै सम्बन्धित उद्योग वा सुनाखरी संकलन गर्ने निकायले जिल्ला वन कार्यालय वा क्षेत्रीय वन तालिम केन्द्रसंग समन्वय गरी त्यस प्रकारको तालिम सञ्चालन गर्न सक्ने छ ।

११. **सरसफाई र सुरक्षा व्यवस्था मिलाउनु पर्ने** : (१) सुनाखरी संकलन कार्यमा संलग्न हुने कामदार तथा कर्मचारीहरुको लागि सम्बन्धित उद्योगले सरसफाई र सुरक्षाको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(२) सुनाखरी संकलन कार्य गर्दा लाग्ने सानातिना घाउ-चोटपटकको उपचारका लागि मलहम, आयोडिन, कपास, पट्टीजस्ता प्राथमिक उपचारका सामान प्रत्येक डिपोमा सम्बन्धित उद्योगले अनिवार्य रुपमा राख्नु पर्नेछ ।

(३) सुनाखरी संकलन वा तत्सम्बन्धी कामको सिलसिलामा कामदारहरू वनमा हिँड्दा बाटोमा पर्ने बोट बिरुवालाई हानी नोक्सानी नपुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) वनक्षेत्रमा रहेका वन्यजन्तुलाई तर्साउने, लखेट्ने, मार्ने, तिनीहरुको वासस्थानलाई क्षति वा अन्य कुनै तवरले पनि हानी नोक्सानी नहुने आवश्यक व्यवस्था मिलाउनु पर्नेछ । साथै वन्यजन्तुलाई हानि नोक्सानी पुग्न सक्ने कुनै किसिमका हात हतियार वनक्षेत्रमा लैजान पाइने छैन ।

(५) वनक्षेत्रभित्र रहेका मठ-मन्दिर, पानी मुहान वा पुरातात्विक महत्वका सम्पदा एवं वन, जलाधार तथा वातावरणीय संरक्षणको दृष्टिले संवेदनशील क्षेत्रको कम्तिमा १०० मिटर वरपर सुनाखरी संकलन गर्न पाइने छैन ।

(६) प्रचलित कानूनले निषेध गरेका कुनै पनि काम कारबाही नगर्न वा हुन नदिन उद्योग वा सुनाखरी संकलन गर्ने निकायले उचित व्यवस्था मिलाउनु पर्नेछ ।

## परिच्छेद - ५
## सुनाखरीको व्यावसायिक खेती

१२. **सुनाखरीको व्यावसायिक खेती विकास सम्बन्धी व्यवस्थाः** (१) उद्योग वा सुनाखरी संकलन एवं प्रशोधन गर्ने निकाय वा व्यक्तिले सुनाखरीको व्यवसायिक खेती गर्न सक्नेछ । खेतीगर्न खोजिएको प्रजातिको पहिचान वनस्पति विभागबाट गराई सो को विस्तृत व्यवसायिक योजना तयार गरी वनस्पति विभागको प्राविधिक सिफारिस सहित सो योजना वन विभागबाट स्वीकृत गराउनु पर्नेछ । स्वीकृत व्यावसायिक योजनामा उल्लेखित सुनाखरी प्रजातिका माउ बिरुवा नियमावलीमा तोकिए बमोजिमको राजस्व तिरी प्राप्त गर्न र साइटिस महासन्धिका प्रावधान पूरा गरी विदेशवाट आयात गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सुनाखरी प्रजातिको खेती विस्तार गरी वेर्ना उत्पादन गर्न व्यावसायिक योजनामा उल्लेख भए बमोजिम तन्तु प्रजनन् लगायतका अन्य जैविक प्रविधि अपनाई बेर्ना उत्पादन गरी ग्रीन हाउसमा हुर्काउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सुनाखरी प्रजातिको खेती गरी व्यवसाय गर्ने व्यापारिक फर्म वा उद्योगसँग अनिवार्य रुपमा तन्तु प्रजनन् प्रयोगशाला हुनु पर्नेछ । यो प्रजनन् प्रयोगशाला तत्काल स्थापना गर्न सम्भव नभएमा नेपालमा उपलब्ध निजी तन्तु प्रजनन् प्रयोगशालासँग सम्झौता गरी विरुवा उत्पादन गर्नु पर्नेछ । यस्ता व्यापारिक फर्मलाई चाहिने संख्यामा बेर्ना उत्पादन हुने व्यवस्था गरेपछि मात्रै निकासीको लागि साइटिस अनुमति पत्र वन विभागबाट प्रदान गरिनेछ ।

(४) उपदफा (३) मा उल्लेख भए बमोजिमको प्रविधि बाट उत्पादन गरेका बेर्ना सामुदायिक वन वा निजी वन वा कबुलियती वनमा पाइने रुखको हाँगामा रोपी उत्पादन गर्नको लागि त्यस्ता सामुदायिक वन उपभोक्ताहरुको सहमतिमा सुनाखरी प्रजातिको खेती गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनीले त्यसबाट उत्पादित उत्पादनलाई किन्ने प्रत्याभूति हुने गरी करारनामा गर्नुपर्ने छ । खेतीका सम्बन्धमा सम्बन्धित जिल्ला वन कार्यालयलाई शुरुमै जानकारी गराउनु पर्नेछ र संकलित उत्पादनलाई पनि खेती गरी उत्पादन भएको हो भन्ने कुरा सम्बन्धित जिल्ला वन कार्यालयबाट प्रमाणित गराउनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमका उत्पादन गरिएका सुनाखरीको बेर्नालाई ग्रीन हाउस वा बगैंचामा रोपी यथेष्ट मात्रामा उत्पादन भएको छ वा छैन भन्ने कुराको अनुगमन सम्बन्धित जिल्ला वन कार्यालयले गर्नुपर्दछ ।

(६) सामुदायिक वनमा वा ग्रीन हाउस वा सेड हाउसमा रोपी उत्पादन गरिएको उत्पादनमा प्राकृतिक स्थानबाट संकलन गरिएको सुनाखरी मिसाउन पाइने छैन । यसरी मिसाइएमा मिसाउने र मिसाउन सहमति दिने अधिकारीलाई समेत प्रचलित कानून बमोजिम कारबाही हुनेछ ।

(७) हरेक वर्ष कहाँ कति सुनाखरीको खेती गरिएको छ भनि सम्बन्धित फर्म वा कम्पनीले सम्बन्धित क्षेत्रको जिल्ला वन कार्यालयलाई र वनस्पति विभागलाई जानकारी दिनुपर्ने छ ।

(८) सुनाखरीलाई प्रशोधन गरेर मात्रै निकासी गर्नुपर्ने छ ।

(९) सबै सुनाखरीका प्रजाति साइटिस को अनुसूचीमा पर्ने भएकोले यसको दिगो संरक्षण सम्वर्द्धन र व्यवस्थापन पक्षमा समेत जोड दिनु पर्नेछ ।

## परिच्छेद -६

## पुनर्स्थापन कार्य र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

१३. **पुनर्स्थापनको व्यवस्था मिलाउनु पर्ने** : (१) सुनाखरी संकलन कार्यबाट सुनाखरीको दिगो संरक्षण, सम्बर्द्धन र विकासमा पर्नसक्ने प्रतिकूल प्रभावलाई रोक्न तथा यसबाट पर्ने वातावरणीय प्रभाव समेतलाई न्यूनिकरण गरी दिगो रुपमा संकलन गर्ने कार्यलाई सुनिश्चित गर्न सम्वन्धित अनुमति प्राप्त उद्योगले जिल्ला वन कार्यालयले तोकिदिएको स्थानमा सुनाखरीको संरक्षण तथा सम्बर्धन गर्ने कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम सुनाखरी संकलन गर्न उपलब्ध गराइने वन क्षेत्र सुनाखरी संकलनका लागि उपलब्ध गराइएको क्षेत्र भित्रै वा सो क्षेत्रसँग जोडिएको उपयुक्त स्थानमा जिल्ला वन अधिकृत आफैंले वा निजले खटाएको प्राविधिकले सकभर एउटै स्थानको खोजी गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सुनाखरीको संरक्षण तथा सम्बर्धन गर्ने खालका कार्यक्रम सञ्चालन गर्दा लाग्ने सर्म्पूण खर्च सम्बन्धित उद्योग वा निकायको हुनेछ ।

(४) सुनाखरीको संरक्षण तथा सम्वर्धन गर्न तोकिएको वन क्षेत्र भित्र रहेका वा हुर्केका अन्य जैविक स्रोतहरुमा प्रतिकूल असर नपार्ने गरी संरक्षण कार्य गरिराख्नु पर्नेछ ।

(५) जिल्ला वन कार्यालयले सुनाखरीको संरक्षण तथा सम्बर्द्धन गर्ने क्षेत्रको नाप, नक्शा र प्रारम्भिक अवस्थाको चित्रण हुने अभिलेखको साथै प्रगति विवरणको जानकारी समेत अद्यावधिक गरी वार्षिक रुपमा सम्बन्धित क्षेत्रीय वन निर्देशनालय र वन विभागमा दिनुपर्ने छ ।

१४. <u>अनुगमन तथा मूल्याङ्कन व्यवस्थाः</u> (१) स्रोत सर्वेक्षण, सुनाखरी संकलन गर्ने क्षेत्रको छनौट, सुनाखरी संकलन, ढुवानी, घाटगद्दी एवं निकासी, सुनाखरीको संरक्षण तथा सम्बर्धन गर्न तोकिएको वन क्षेत्रको छनौट गर्ने लगायतका सम्पूर्ण कार्यहरु सम्बन्धित रेञ्जपोष्टको रेन्जरको प्रत्यक्ष निगरानीमा मात्र संचालन गर्नुपर्नेछ । उल्लिखित कार्यहरुको नियमित अनुगमन नगरेमा वा गराउन नसकेमा त्यसको जिम्मेवारी सम्बन्धित रेञ्जपोष्टको रेन्जर, इलाका वन कार्यालयका सहायक वन अधिकृत र जिल्ला वन अधिकृत समेतमा रहनेछ ।

(२) सुनाखरी संकलन तथा ढुवानीसँग सम्वन्धित कार्यहरुमा कुनै किसिमको अनियमितता देखिएमा तुरुन्त सो को रोकथाम गरी आवश्यक सुधार समेतको व्यवस्था सम्बन्धित रेञ्जपोष्ट, ईलाका वन कार्यालय र जिल्ला वन कार्यालयले गर्नुपर्नेछ । त्यस्तो अनियमितता भएको बारेमा सम्बन्धित जिल्ला वन अधिकृतले कारबाही गरी क्षेत्रीय वन निर्देशक र वन विभागका महानिर्देशक समेतलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(३) सम्बन्धित जिल्ला वन अधिकृतले सुनाखरी संकलन गर्ने कार्यको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका प्रावधानहरु लगायत सुनाखरी संकलन सम्बन्धी सम्झौता गरिएको उद्योग वा सुनाखरी संकलन गर्ने निकायहरुले सम्झौता अनुरूप कार्य गरे नगरेको नियमितरुपमा अनुगमन गर्नु पर्नेछ ।

(४) सुनाखरी संकलन तथा विक्री वितरण सम्बन्धी मासिक प्रगति विवरण जिल्ला वन कार्यालयले अनुसूची– ४ बमोजिमको ढाँचामा सम्बन्धित क्षेत्रीय वन निर्देशनालय र वन विभागमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

(५) सुनाखरी संकलन सम्बन्धी कार्यको वार्षिक अनुगमन एवं मूल्याङ्कन गर्न सम्बन्धित जिल्ला वन अधिकृत वा निजले तोकेको प्राविधिक कर्मचारीले अनिवार्य रुपले स्थलगत निरीक्षण गरी निरीक्षणबाट देखिएको समग्र अवस्था, वन क्षेत्रमा परेको समग्र प्रभाव समेतको वास्तविकता खुलेको स्पष्ट र तथ्यपरक स्थलगत प्रतिवेदन तयार गरी सम्बन्धित क्षेत्रीय वन निर्देशनालय र वन विभागमा एक/एक प्रति पठाउनु पर्नेछ ।

(६) सुनाखरी संकलन गर्ने सिजन सकिएको तीन महिनाभित्र उपदफा (५) बमोजिम वार्षिक अनुगमन एवं मूल्याङ्कन गर्ने कार्य संकलन गर्ने निकायको प्रतिनिधि र जिल्ला वन कार्यालयको प्रतिनिधिको रोहवरमा सम्बन्धित क्षेत्रीय वन निर्देशक वा निजले तोकेको कर्मचारीले गरिसक्नु पर्नेछ । वार्षिक अनुगमन फारामको नमूना अनुसूची– ५ बमोजिम हुनेछ ।

(७) वार्षिक अनुगमन एवं मूल्याङ्कन गर्दा नियमानुसार गरिनु पर्ने कामहरु भए गरेको नपाइएमा सम्बन्धित उद्योग वा सुनाखरी संकलन गर्ने निकायलाई प्रचलित ऐन नियमानुसार अधिकार प्राप्त अधिकारीले कारवाही गर्नु पर्नेछ ।

## परिच्छेद -७

### अग्नि नियन्त्रण सम्बन्धी व्यवस्था

१५. <u>अग्नि नियन्त्रण सम्बन्धी व्यवस्था मिलाउनु पर्नेः</u> (१) सुनाखरी संकलन क्षेत्र लगायत नजिकको अन्य वन क्षेत्र, सुनाखरी संकलन गर्ने घाटगद्दीमा समेत आगलागी हुन नदिनको लागि सम्बन्धित उद्योग वा निकायले समयमा नै सचेत भई अग्नि नियन्त्रणको उचित प्रबन्ध मिलाउनु पर्नेछ ।

(२) वनमा आगो लाग्न नदिनको लागि विशेष गरी सुख्खा याममा बाहिर हावा लाग्ने ठाउँमा कामदारहरुलाई जथाभावी आगो बालेर खाना पकाउन दिनु हुँदैन । साथै खाना पकाई सकेपछि बालेको आगो राम्ररी निभाउन लगाउनु पर्नेछ ।

(३) वन क्षेत्रमा कामदारहरुले चुरोट, बिडी खाएर ठूटो ननिभाइकन जथाभावी फाल्नु हुँदैन ।

(४) मट्टितेल, डिजेल, मोविल, पेट्रोल आदि प्रयोग गर्दा, सुनाखरी संकलन, ढुवानी र घाटगद्दी गर्दा समेत जथाभावी पोखिने गरी गर्नु हुँदैन ।

(५) सुनाखरीको भण्डारण सकभर वन क्षेत्र बाहिर खुल्ला ठाउँमा गर्नुपर्छ र आगलागीबाट सुरक्षित राख्न सधैं त्यसको वरिपरी सफासुग्घर राख्नु पर्नेछ ।

(६) घाटगद्दीमा रहेको सुनाखरी आगलागीबाट जोगाउन वरिपरिको सुनाखरी पतिङ्गरलाई निरन्तर रुपमा सफा गरी राख्नुपर्नेछ र सम्बन्धित उद्योग वा निकायले आगलागी नियन्त्रणका लागि पालो पहराको व्यवस्था गर्नु पर्नेछ ।

(७) वन क्षेत्र एवं घाटगद्दीमा कुनै कारणबाट आगो लाग्न गएमा कर्मचारी र कामदारहरु सबै मिली तुरुन्तै निभाउनु पर्नेछ । ठूलो आगो लागेमा स्थानीय जनताको समेत सहयोग लिई आगो निभाउनु पर्नेछ ।

(८) वन क्षेत्रमा भएको आगलागीको जानकारी तुरुन्त सम्बन्धित जिल्ला वन कार्यालयलाई दिनु पर्नेछ । जिल्ला वन अधिकृतले पनि आगो लागेको जानकारी प्राप्त भएमा क्षति हुन नदिन आवश्यक प्रबन्ध तत्काल मिलाउनु पर्नेछ । साथै त्यस्तो वन क्षेत्रको निरीक्षण जिल्ला वन अधिकृत स्वयं वा आफ्नो मातहतको कर्मचारी खटाई आगलागीको क्षेत्रफल र हानी-नोक्सानीको परिमाण यकिन गरी पेश गर्नु गराउनु पर्नेछ । कसैको जानाजानी वा लापरवाहीको कारण आगलागी भएको देखिन आएमा जिल्ला वन अधिकृतले वन ऐन, २०४९ बमोजिम कारबाही गर्नुपर्नेछ ।

## परिच्छेद -८

## विविध

१६. **विविधः** (१) उद्योग वा सुनाखरी संकलन गर्ने निकायले सुनाखरी संकलन गर्ने वन क्षेत्र तथा रुख छनौट, सुनाखरी संकलन, ढुवानी एवं घाटगद्दी लगायतका सम्पूर्ण कार्यहरुमा खटाइएका कामदार, सुपरभाइजर लगायतका सबै कर्मचारीहरुको तीन पुस्ते विवरण अनुसूची– ६ बमोजिमको ढाँचामा काम प्रारम्भ गर्नु अगावै सम्बन्धित जिल्ला वन कार्यालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । साथै त्यस्ता सर्म्पूण कर्मचारी एवं कामदारहरुलाई अनुसूची– ७ बमोजिमको ढाँचामा फोटो सहितको परिचय पत्र उद्योग वा सुनाखरी संकलन गर्ने निकायले अनिवार्य रुपले उपलब्ध गराउनु पर्नेछ ।

(२) वन मुद्दाको कारबाहीको सिलसिलामा बरामद भएको सुनाखरी जफत हुने ठहरिएमा वा बेवारिसी सुनाखरी भएमा वा यस्तै प्रकृतीको सुनाखरी प्राप्त हुन आई नेपाल सरकारको हुने ठहर भएमा वन पैदावार लिलाम विक्री वितरण कार्यविधि निर्देशिका, २०६० बमोजिम हुनेछ ।

(३) अधिकार प्राप्त अधिकारीले सुनाखरी पाइने सरकारद्वारा व्यवस्थित वनको कुनै क्षेत्रलाई वीउ उत्पादन, अनुसन्धान वा तालिम सञ्चालन क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

(४) सुनाखरी सम्बन्धी वैज्ञानिक अध्ययन, अनुसन्धान गर्न कुनै व्यक्ति, शैक्षिक संस्था लगायतका निकायले प्रस्ताव सहित अनुरोध गरेमा वनस्पति बिभागको सिफारिसमा वन बिभागले शसर्त अनुमति दिनसक्नेछ । यस्तो अध्ययन, अनुसन्धानको एक/एक प्रति वन विभाग र वनस्पति विभागलाई अनिवार्य रुपमा बुझाउनु पर्नेछ ।

(५) सुनाखरी संकलन एवं प्रशोधन गरी विदेश निकासी गर्न चाहने उद्योग वा निकायले साइटिसको वैज्ञानिक निकाय वनस्पति विभागको शिफारिसमा साईटिसको व्यवस्थापन निकाय वन विभागको अनुमति लिनुपर्नेछ । वन विभागले दिने साइटिस को अनुमति पत्र अनुसूची– ८ मा तोकिए बमोजिमको हुनेछ । यो निर्देशिका लागू हुनु अगावै प्रचलित ऐन, नियम र साइटिस महासन्धि बमोजिमका प्रक्रियाहरु पुरा गरी संकलन भएका सुनाखरीलाई यसै निर्देशिका वमोजिम भएको निकासी इजाजत दिन सकिने छ ।

(६) सुनाखरी संकलन गर्न चाहने उद्योगलाई सो कार्य गर्न अनुमति दिनु पूर्व वन क्षेत्रको विद्यमान वातावरण संरक्षण ऐन, २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४ अनुसार आवश्यक प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ ।

(७) यस निर्देशिकामा उल्लेखित कुनै कुराका सम्बन्धमा विवाद उत्पन्न भएमा त्यस्ता विवादको समाधान गर्ने अधिकार नेपाल सरकार, वन तथा भू-संरक्षण मन्त्रालयलाई हुनेछ ।

# अनुसूची- १

(दफा ६ को उपदफा (३) सँग सम्बन्धित)

**नेपाल सरकार**

**वन तथा भू-संरक्षण मन्त्रालय**

**वन विभाग**

## जिल्ला वन कार्यालय .............

**सुनाखरीको स्रोत सर्वेक्षणको रजिष्ट्र**

आ. व. ...........

| |
|---|
| जिल्ला वन कार्यालयः ..................... इलाका वन कार्यालयः ................. रेञ्जपोष्टः..............गा. वि. स. ....................वडा नं. ....... वनको नाम :- ............. ........ ....................... वनको क्षेत्रफल............ |
| चार किल्ला : **पूर्व** ................ **पश्चिम** ................ **उत्तर**.............. **दक्षिण**................... |
| स्रोत सर्वेक्षण गरिएको वर्ष र महिना :- ................ ......................... |
| सुनाखरी संकलन गर्न लायक जम्मा वनको क्षेत्रफल : .................. |
| सुनाखरी संकलन गर्न लायक तर सुनाखरी संकलन नगरी छोडिएको जम्मा वनको क्षेत्रफलः............. |

**उद्योग वा सुनाखरी संकलन गर्ने निकायको नाम र ठेगानाः ...................................**

| वन खण्ड नं. | वन खण्डको नाम. | वन खण्डको कूल क्षेत्रफल | सुनाखरी संकलन गर्न सकिने वन खण्डको क्षेत्रफल | जम्मा संकलन गर्न सकिने सुनाखरीको परिमाण | संकलन गरिने सुनाखरीको परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

स्रोत सर्वेक्षण गर्ने विवरण | रेञ्जपोष्ट/इ. व. का.को तर्फवाट स्रोत सर्वेक्षण कार्यको चेकगर्ने कर्मचारीको विवरण | जि.व.का.को तर्फ बाट कामदारको

१ नामः र दर्जा ........... | १.............
२ ........... | २ ........... .

**पेश गर्ने** | **चेक जाँच गर्ने/सिफारिश गर्ने** | **प्रमाणित गर्ने**

................ | ....................... | .......................
(सुपरभाइजर) | (रेञ्जर/स.व.अ.) | (जिल्ला वन अधिकृत)

# अनुसूची- २

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**नेपाल सरकार**

**वन तथा भू-संरक्षण मन्त्रालय**

**वन विभाग**

**जिल्ला वन कार्यालय ........**

<u>सुनाखरी निकासीको लागि चलानी पुर्जीको नमूनाः</u>

चलानी नं. ............ छोडपूर्जीको च. नं. .....
चलानी मिति ................. छोडपूर्जीको मितिः ...
बोरा संख्याः ..........परिमाणः ..........कि. ग्रा.................
सवारी साधनको किसिम र नम्बरः .....................ड्राईभरको नामः ................. कहाँ देखिः .............................. कहाँसम्म .................. ।
छोडपूर्जी पाउनेको नाम र ठेगाना (उद्योग वा निकायको नाम र ठेगाना): ............. ..

| चलानी नं. | वन खण्ड नं. | संकलन गर्ने कामदारको नाम | ढुवानी गर्ने कामदारको नाम | घाटगद्दी स्थान | ढुवानी गरेको बोरा संख्या | ढुवानी गर्ने बोराको सि.नं. हरु र तौल |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

| **पेश गर्ने** | **चेक जाँच गर्ने/सिफारिश गर्ने** | **प्रमाणित गर्ने** |
|---|---|---|
| ................ | ....................... | ....................... |
| (सुपरभाइजर) | (रेञ्जर/स.व.अ.) | (जिल्ला वन अधिकृत) |

# अनुसूची- ३

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

**नेपाल सरकार**

**वन तथा भू-संरक्षण मन्त्रालय**

**वन विभाग**

## जिल्ला वन कार्यालय .......

**सुनाखरीको छोडपूर्जी**

पत्र संख्याः
चलानीः मितिः

**विषयः सुनाखरीको छोडपूर्जी दिएको वारे ।**

श्री ............................

जिल्ला वन कार्यालय, .............. को मिति ...................... को छोडपत्र नं. .............. अनुसार तपसिल बमोजिमको लाग्ने रकम नगदी नं. ......../भौचर नं. .......... बाट रु. ................(अक्षेरुपी .........) प्राप्त भैसकेको हुँदा आजको मितिले ............ दिन भित्र सो सुनाखरी उठाई लैजानु होला । म्याद भित्र सुनाखरी उठाई नलगी हिनामिना भएमा सो को जिम्मेवार स्वयं तपाई नै हुने र तोकिएको प्रयोजन र स्थानमा नलगी अनियमित भए गरेमा कानुन बमोजिम कारबाही हुने व्यहोरा समेत सूचित गरिन्छ ।

**तपसिलः**

| चलानी नं. | वन खण्डको नाम र नं. | घाटगद्दी स्थान | ढुवानी गरेको बोरा संख्या | ढुवानी गर्ने बोराको सि.नं. हरु र तौल | घाटगद्दी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | सुनाखरी को नापी लगत यसै साथ संलग्न छ |
| | | | | | | |

............................................ ................................
जिल्ला वन अधिकृत

वोधार्थः
श्री जिल्ला वन कार्यालय, .............. (पुग्ने ठाउँको)
श्री ................ ई.व.का.: कर्मचारीको रोहवरमा लोड गराई दरपिठ गरी पठाउँनु हुन ।
श्री लेखा शाखा,
श्री .................. रे.पो.

# अनुसूची-४

(दफा १४ को उपदफा (४) सँग सम्बन्धित)

सुनाखरी संकलन सम्बन्धी मासिक प्रगति प्रतिवेदन फाराम

**जिल्ला वन कार्यालय** .............

आ. व. ........................... महिनाको सुनाखरी संकलन प्रगति प्रतिवेदन

(१) सुनाखरी संकलन विवरण

(क) सरकारद्वारा व्यवस्थित वनमा

| सि. नं. | उद्योगको नाम र ठेगाना | सुनाखरी संकलन गरेको वनको नाम | सुनाखरी संकलन गरेको वन खण्डको नाम र नम्बर | संकलित सुनाखरी को परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(क) सामुदायिक वनमा

| सि. नं. | उद्योगको नाम र ठेगाना | सुनाखरी संकलन गरेको वनको नाम | सुनाखरी संकलन गरेको वन खण्डको नाम र नम्बर | संकलित सुनाखरीको परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(२) छोडपूर्जीको विवरण

(क) सरकारद्वारा व्यवस्थित वनमा

| सि. नं. | उद्योगको नाम र ठेगाना | छोडपूर्जी भएको सुनाखरीको परिमाण (कि. ग्रा.) | जम्मा राजश्व (रु) | घाटगद्दीमा रहेको छोडपूर्जी हुन बाँकी सुनाखरीको परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

(क) सामुदायिक वनमा

| सि. नं. | उद्योगको नाम र ठेगाना | छोडपूर्जी भएको सुनाखरीको परिमाण (कि. ग्रा.) | जम्मा राजश्व (रु) | घाटगद्दीमा रहेको छोडपूर्जी हुन बाँकी सुनाखरीको परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

पेश गर्ने | प्रमाणित गर्ने :

............... | ..........................

दर्जाः ... | (जिल्ला वन अधिकृत)

मितिः | मितिः

# अनुसूची- ५

(दफा १४ को उपदफा (६) सँग सम्बन्धित)

## वार्षिक अनुगमन तथा मूल्याङ्कन फाराम

### आ. व. ....

| |
|---|
| जिल्ला वन कार्यालयः ........ इलाका वन कार्यालयः ................ रेञ्जपोष्ट :........<br>गा. वि. स. ...........वडा नं. ....... वनको नाम :- .......... वन खण्डको नाम र नं. .... वन खण्डको क्षेत्रफल............ चार किल्ला : **पूर्व** ............ **पश्चिम** ..... **उत्तर**........ **दक्षिण** .........<br>स्रोत सर्वेक्षण गरिएको वर्ष र महिना :- .......<br>सुनाखरी संकलन गर्न लायक जम्मा वनको क्षेत्रफल :..............<br>सुनाखरी संकलन गर्न लायक तर सुनाखरी संकलन नगरी छोडिएको जम्मा वनको क्षेत्रफलः .......... |

**उद्योग वा सुनाखरी संकलन गर्ने निकायको नाम र ठेगानाः** ...................................

| सि. नं. | वनको खण्ड नं. | छत्र व्यास (मीटर) | संकलन गर्न योग्य सुनाखरीको परिमाण (कि. ग्रा.) | संकलित सुनाखरीको परिमाण (कि. ग्रा.) | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

- स्थलगत निरीक्षण गरिएका वन खण्डहरुको संख्या र नम्बर:: .......................
- सुनाखरी संकलन गर्ने कार्य तोकिएबमोजिमको विधिबाट गरेको/नगरेकोः .....................
- अनियमितरुपबाट जमीन र चट्टानमा भएको सुनाखरी संकलन गर्दा भू-क्षय भए नभएकोः
- अनियमितरुपबाट रुखमा भएको सुनाखरी संकलन गर्दा मर्न गएका रुखहरुको संख्याः
- सुनाखरी संकलन तथा ढुवानी गर्ने कार्यमा स्थानीय बासिन्दाहरुको संलग्नता भए/नभएको
- संकलन भएको सुनाखरीको जम्मा परिमाणः ............कि. ग्रा.
- छोडपूर्जी भएको सुनाखरीको जम्मा परिमाण र प्राप्त राजश्व विवरणः ....कि. ग्रा., रु. .......
- घाटगद्दीमा रहेको सुनाखरीको जम्मा परिमाणः ...........कि. ग्रा.
- सुनाखरी संरक्षण एवं सम्वर्धन गर्न छुट्टयाईएको वन क्षेत्रको क्षेत्रफलः..........
- सुनाखरी संरक्षण एवं सम्वर्धन गर्न छुट्टयाईएको वन क्षेत्रको समग्र गुणस्तरः
  अति उत्तम, उत्तम सामान्य र न्यून
- स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण/वातावरण प्रभाव मूल्यांकन प्रतिवेदनमा उल्लेख भएका र अन्य तोकिएका शर्तहरु बमोजिम कार्य नभएको भए सोको विवरणः
- समग्रमा सुनाखरी संकलन, ढुवानी र घाटगद्दी, निकासी लगायत कार्यहरु नियमित रुपमा भए /नभएको
- केही राय सुझावहरु भए उल्लेख गर्नेः

| उद्योग वा सुनाखरी संकलन गर्ने कर्मचारीको निकायको तर्फबाट रोहवरमा बस्ने प्रतिनिधि/कर्मचारीको | जि. व.का को तर्फबाट रोहवरमा बस्ने कर्मचारीको | अनुगमन तथा मूल्यांकन गर्ने |
|---|---|---|
| नामः | नामः | नामः |
| दर्जाः | दर्जाः | दर्जाः |
| हस्ताक्षरः | हस्ताक्षरः | हस्ताक्षरः |
| मितिः | मितिः | मितिः |

## अनुसूची- ६

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

**सुनाखरी संकलन कार्यमा खटाईएका सर्म्पूण कामदार लगायतका कर्मचारीहरुको तीन पुस्ते विवरण फाराम**

आ. व. ....

उद्योग वा सुनाखरी संकलन गर्ने निकायको नामः र ठेगानाः .......................................

जिल्लाः ............ रेञ्जपोष्टः .........घाटगद्दी स्थानः .......... वनको नामः .............. वन खण्डको नाम र नं.......... मितिः............

| सि. नं. | कर्मचारीको नाम, थर | दर्जा | उमेर | लिङ्ग | बाबुको नाम, थर | बाजेको नाम, थर | स्थायी ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

सुपरभाईजरको नामः ........

हस्ताक्षरः .......

मितिः.....

व्यवस्थापकको नामः..........

हस्ताक्षरः.......

मितिः ...........

# अनुसूची- ७

(दफा १६ को उपदफा (१) सँग सम्बन्धित)

परिचय–पत्र

प. पत्र नं. ....

........................... **इण्डष्ट्रिज** (प्रा.) लि.

..................................

## परिचय –पत्र

फोटो

नामः ..........................................

ठेगानाः .......................................

दर्जाः ..........................................

जारी गरेको मितिः ..........................

.................................

प्रमाणपत्र लिनेको दस्तखतः

............................

प्रमाणित गर्नेको दस्तखतः

## नविकरण

| देखि | सम्म | नविकरण गर्नेको सही |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

## अनुसूची- ८

(दफा १६ को उपदफा (५) सँग सम्बन्धित)

## वन विभागबाट दिइने अनुमति पत्रको नमूना

Government of Nepal
**Ministry of Forests and Soil Conservation**
**Department of Forest**

No.: 127
NEPAL

CITES — Convention on International Trade in Endangered Species of Wild Fauna and Flora

☐ EXPORT PERMIT
☐ RE-EXPORT CERTIFICATE
☐ OTHER CERTIFICATE

1. CITES STAMP NUMBER

2. VALID UNTIL
(y / m / d)

5. Applicant (name, address, country, telephone and fax nos.)

3. Special Conditions and Other Information
☐ Endorsement by Customs Compulsory

4. Purpose of the transaction

6. Exporter (name, address, country, telephone and fax nos.)

7. Consignee (name, address, country, telephone and fax nos.)

| 8. Scientific name (genus and species) | 9. Common name | 10. Description of specimens (kind, size, marks, and age/sex if live) | 11. Appendix | 12. Source | 13. Quantity & Unit | 14. Export Quota |
|---|---|---|---|---|---|---|
| | | | | | | |

| 15a. Country of origin | Permit No. | Date | 15b. Country of last re-export | Certificate No. | Date | 16. Pre-Convention: (date of acquistion) |
|---|---|---|---|---|---|---|
| | | (y / m / d) | | | (y / m / d) | |

17. The undersigned hereby certifies that all information given in this application is true and correct

Signature

Name: ____ Title ____ (y / m / d)

18. This Permit/Certificate is issued by/Management Authority:
Department of Forests
P.O. Box: 20607, Babarmahal, Kathmandu
Phone: 977-1-4227574, 4220303, 4221231, Fax: 977-1-4227374
E-mail:cites_env@dof.gov.np

(y / m / d)
Date of Issue

Stamp of Management Authority

19. Export/Re-Export Endorsement
The Custome Official inspecting shipment upon exportation/re-exportation must enter the actual quantities of specimens being exported/re-exported

20. Bill of LadingAir Way Bill Number

Port of Exportation/re-exportation

Total No. of Shipping Containere

21. Importing Customs Office Stamp, Signatuer and Date of the Inspecting Official

Signature ____ Date ____

ORIGINAL COPY TO BE RETAINED BY EXPORTER/IMPORTER
SECOND COPY TO BE RETAINED BY CUSTOM OFFICE OF NEPAL
THIRD COPY DEPARTMENT OF FORESTS RECORD COPY
FOUTH COPY TO BE RETAINED BY IMPORTING CUSTOMS OFFICE

EXPORTER/IMPORTER COPY

# अनुसूची- ९

## सुनाखरीको सूची

1. Acampe papillosa (Lindl.) Lindl
2. Coelogyne cristata Lindl.
3. C. Flavids Hook. Fil. Wall. ex.
4. Coelogyne species
5. Dendrobium amoenum Wall. Ex Lindl.
6. D. Aphyllum (Roxb.) C. E. C. Fisch
7. D. bicameratum Lindl.
8. D. candidum Wall. ex Lindl.
9. D. chrysanthum Wall. ex. Lindl.
10. D. crepidiatum Lindl.
11. D. denudans D. Don
12. D. eriiflorum Grieff.
13. D. fimbriatum Hook.
14. D. lancilabius Seidenf.
15. D. longicorne Lindl.
16. D. primulinum Lindl.
17. D. pulchellum Roxb. Ex Lindl.
18. D. transparens Wall. ex Lindl.
19. D. nobile
20. Otochilus lancilabius Seidenf.
21. Otochilus species